Regd. No. 2931/061

Padam & Associates

Registered Auditors

COP NO. 3131 "B"

PAN : 300451366

सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेडको वित्तीयविवरण उपर

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री सदस्यज्यूहरु,

सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड, पोखरा-२६, कास्की ।

मन्तव्य

हामीले सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड (यस पछि "संस्था"भनिएको) को यसै साथ संलग्न् मिति २०७७ आषाढ ३१ को स्थिति बिबरण पत्र (वासलात) र सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सानी हिसाब, नाफा नोक्सान बाडंफांड हिसाब, नगद प्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा र हामीले पाएको अधिकत्म जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु बमोजिम माथि उल्लेखित वित्तिय विवरणहरुले सारभूत रुपमा संस्थाको मिति २०७७ आषाढ ३१ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बांडफांड हिसाब, नगद प्रवाह विवरण, इक्यिुटीमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरु प्रचलित कानूनका अधिनमा रही सहकारी ऐन, २०७४ अनुरुप यथार्थ चित्रण गर्दछ ।

मन्तव्यको आधार

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीयविवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सस्थाद्धारा जारी गरेको "द हयाण्ड् बुक अफ द कोड अफ इथिक्स् फोर फ्रोफेसनल एकाउन्टेन्ट्स (The Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी संस्थासंग स्वतन्त्र छौं र हामीले सो हयाण्डबुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

सहकारी मापदण्ड एवं साना तथा मझौला निकायका लागि नेपाल वित्तिय प्रतिवेदनमान (NFRS for SME) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीवाट होस, सारभूत रुपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्वन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तिय विवरण तयार गर्दा व्यवस्थापनलाई संस्था विघटन गर्ने, संचालन गर्ने, वन्द गर्ने वा सो वाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, संस्था निरन्तर संचालन हुने क्षमताको मुल्यांकन

गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखानीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ ।

संचालक समिति संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवारी छ ।

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटिरहित छ वा छैन भन्नेबारे उचित आश्वस्त्ता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्त्ता एक उच्च स्तरीय आश्वस्त्ता भएता पनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधैं पहिचान हुन्छन भन्ने सुनिश्चितता रहदैन । गलत प्रस्तुति जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्र रुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने त्यस्ता गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामीले :

- वित्तिय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानीचूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणलीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तृतिहरुको पहिचान नलाग्ने जोखीम अधिक रहन्छ ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्वन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासगिंक हुने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्वन्धि खुलासाहरुको मूल्याङ्कन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखानीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थहरुसंग सम्बन्धित सारभूत अनिश्चितताको कारणले संस्थाको व्यवसायीक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेकोमा लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्वन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नु पर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा हाम्रो राय परिमार्जन गर्नु पर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मिति सम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले संस्था अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।

PADAM ASSOCIATES Pokhara

Regd. No. 2931/061

Padam & Associates

Registered Auditors

COP NO. 3131 "B"

PAN : 300451366

- वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढांचा र खुलासा सहितको विषय वस्तु तथा अर्न्तनिहित कारोवार एवंम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं । हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकोहरुलाई अन्य विषयका अतिरिक्त लेखापरीक्षण कार्य योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउदछौं ।

  शुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउंदछौं ।

अन्य कानूनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन

सहकारी ऐन २०७४ को दफा ७५ तथा लेखापरीक्षण सम्बन्धी निर्देशिका बमोजिम देहाय बमोजिम प्रतिबेदन रहेको छ :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु पाएका छौं ।

(ख) हामीले लेखापरीक्षणमा गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा, संस्थाको हिसाब किताब ऐन बमोजिम ठीकसंग राखिएको छ ।

(ग) यो प्रतिवेदनसंग सम्बन्धित संलग्न स्थिति बिबरण पत्र (वासलात), नाफा नोक्सान हिसाब, स्वामित्व अंशमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण र संलग्न अनूसूचिहरु सहकारी बिभागले तोकेको ढाचा र तरिका अनुसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाब किताब, बहीखाता, श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

(घ) हामीले लेखा परिक्षणको समायमा संस्थाको संचालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

स्थान : पोखरा
मिति : २०७७।०६।१५
युडिन:

निमित्त : पदम एण्ड एसोसिएट्स
रजिष्टर्ड अडिटर्स

श्री पदम बन्धु पोखरेल
प्रोप्राइटर

Mailing Address: Pokhara-17, Birauta, Kaski, Telephone Office: 061-466961, Res.: 462296, Mobile: 9856028610
E-mail: associates.padam@gmail.com

श्री सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड

पोखरा २६, बुढीबजार, कास्की

बित्तिय स्थितिको विवरण

३१ असाढ २०७७ (जुलाई १५, २०२०)

रकम रू. मा

विवरण	अनुसुची	यस वर्ष (रू)	गत वर्ष (रू)
पुंजि तथा दायित्व			
शेयर पुंजी	१	४९,४९०,७००.००	४९,०३७,२००.००
कोष हिसाब	२	८,३४५,५०७.८३	६,१६९,५३९.०४
बचत/निक्षेप	३	११५,३३५,७०५.६१	९१,८६७,८११.३७
ऋण हिसाब	४	१,४५८,३३३.३९	३,१२५,०००.०३
चालु दायित्व	५	५५९,८५६.९९	४८४,८७०.६७
आयकर दायित्व		३५७,८५८.१७	३५३,१३४.५१
सम्भावित खराब ऋण कोष ब्यबस्था		१,८०७,७५२.८९	१,२२१,१५०.४७
डेफर्ड• आयकर		४,००१.०७	
अन्य दिर्घकालिन दायित्व	६	२१८,०७५.८३	-
जम्मा		१७७,५७७,७९१.७९	१५२,२५८,७०६.०९

विवरण	अनुसुची	यस वर्ष (रू)	गत वर्ष (रू)
सम्पत्ति			
स्थिर सम्पत्ति	७	९१३,९४०.७०	८४४,१६४.८६
अदृश्य सम्पत्ति	८	४७८,५१७.८५	९९,९२०.००
लगानी	९	३१,०००.००	३१,०००.००
ऋण लगानी	१०	१४५,०२७,०२९.६९	१२२,११५,०४६.५५
अन्य दीर्घकालिन सम्पत्ती	११	-	-
चालु सम्पत्ति			
नगद वा नगद सरह	१२	२९,७४६,५१४.००	२८,१२०,३५६.०४
भुक्तानी पाउनुपर्ने	१३	-	-
अन्य चालु सम्पति	१४	१,३८०,७८९.५५	१,०४८,२१८.६४
कुल सम्पत्ति		१७७,५७७,७९१.७९	१५२,२५८,७०६.०९
प्रमुख लेखा नितिहरू र लेखा सम्बन्धि टिप्पणिहरू	२०		

श्री सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लि. का तर्फबाट यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

(बिकास रानाभाट)
ब्यवस्थापक

(यदुनाथ बराल)
कोषाध्यक्ष

(सूर्य प्रसाद बञ्जरा)
सचिब

(शैलेन्द्र मोहन भट्टराई)
अध्यक्ष

(आर.ए. पदम बन्धु पोखरेली)
प्रोप्राइटर
नि. पदम एण्ड एसोसियटस
रजिर्ष्टड अडिटर्स

श्री सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड
पोखरा २६, बुढीबजार, कास्की
कार्य सञ्चालन विवरण (नाफा/नोक्सान हिसावको विवरण)
२०७६/०४/०१ देखी २०७७/०३/३१ सम्मको

रकम रू. मा

विवरण	अनुसुची	यस वर्ष (रू)	गत वर्ष (रू)
व्याज आम्दानी	१५	२२,८४५,९०८.९८	१९,५८२,३२०.९५
व्याज खर्च	१६	१०,५८३,१९४.११	७,७११,५५०.८९
खुद व्याज आम्दानी /(खर्च)		१२,२६२,७१४.८७	११,८७०,७७०.०६
अन्य सञ्चालन आम्दानी	१७	७४,७१५.४१	२३,४८८.४३
कुल मुनाफा		१२,३३७,४३०.२८	११,८९४,२५८.४९
मल विउ बिक्री हिसाब		५०१,९१०.००	२०६,७८५.००
न्युन : मल विउ बिक्री लागत		४९३,९१०.००	१९८,७८५.००
कुल सञ्चालन आम्दानी		१२,३४५,४३०.२८	११,९०२,२५८.४९
कर्मचारी तलब खर्च	१८	१,४९४,९९२.८३	७३९,०४१.००
कार्यालय सञ्चालन खर्च	१९	६,७०५,९९८.४०	७,२८०,१६७.००
ह्रास कट्टी खर्च	७	१३९,०८४.३८	२१७,१२४.९६
परिशोधन खर्च	८	७८,५८७.००	-
संम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा		३,९२६,७६७.६७	३,६६५,९२५.५३
संम्भावित नोक्सानी व्यवस्था	२०	५८६,६०२.४२	१३४,५८०.४४
संचालन मुनाफा / (नोक्सान)		३,३४०,१६५.२५	३,५३१,३४५.०९
गैर संचालन आम्दानी		१८५,५४५.०७	-
संम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता		-	-
नियमित कारोबार बाट भएको मुनाफा/ (नोक्सान)		३,५२५,७१०.३२	३,५३१,३४५.०९
असामान्य कारोबारबाट भएको आम्दानी /(खर्च)			-
सम्पुर्ण कारोवार समावेश पछिको खूद मुनाफा/ (नोक्सान)		३,५२५,७१०.३२	३,५३१,३४५.०९
कर्मचारी बोनस व्यवस्था			-
कर अघिको नाफा / (नोक्सान)		३,५२५,७१०.३२	३,५३१,३४५.०९
कर खर्च			
यस वर्षको कर व्यवस्था		३५७,८५८.१७	३५३,१३४.५१
विगत वर्षसम्मको कर खर्च / व्यवस्था		१५७,७३६.१८	
यस वर्षको स्थगन कर आम्दानी/(खर्च)		४,००१.०७	-
खुद नाफा / (नोक्सान)		३,००६,११४.८९	३,१७८,२१०.५८

श्री सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लि. का तर्फबाट यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

(बिकास रानाभाट)
व्यबस्थापक

(यदुनाथ बराल)
कोषाध्यक्ष

(सूर्य प्रसाद वञ्जरा)
सचिव

(शैलेन्द्र मोहन भट्टराई)
अध्यक्ष

(आर.ए. पदम बन्धु पोखरेल)
प्रोप्राइटर
नि. पदम एण्ड एसोसियटस
रजिर्ष्टड अडिटर्स

श्री सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड
पोखरा २६, बुढीबजार, कास्की
नगद प्रवाह विवरण
२०७६/०४/०१ देखी २०७७/०३/३१ सम्मको

	विवरण		चालू आ.व.रकम (रु.)	गत आ.ब. रकम (रु.)
क	कारोबार संचालनबाट नगद प्रवाह		४,१४९,९७०.७०	२२,१७७,४१४.५६
१	नगद प्राप्ति		२३,४२२,५३४.३९	१९,८१२,५९४.३८
	१.१	ब्याज आम्दानी	२२,८४५,९०८.९८	१९,५८३,३२०.९५
	१.२	अन्य आम्दानी	७४,७१५.४१	२३,४८८.४३
	१.३	बिक्री आम्दानी	५०१,९१०.००	२०६,७८५.००
२	नगद भुक्तानी		(१९,५७०,८९०.२०)	(१६,२७१,२७९.४४)
	२.१	ब्याज खर्च	(१०,५८३,१९४.११)	(७,७११,५५०.८९)
	२.२	कर्मचारी खर्च	(१,२७६,९१७.००)	(७३९,०४१.००)
	२.३	कार्यालय संचालन खर्च	(६,७०५,९९८.४०)	(७,२८०,१६७.००)
	२.४	विक्रीको लागत खर्च	(४९३,९१०.००)	(१९८,७८५.००)
	२.५	आयकर भुक्तानी	(५१०,८७०.६९)	(३४१,७३५.५५)
	कार्यगत पुँजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह		३,८५१,६४४.१९	३,५४१,३१४.९४
	संचालन सम्बन्धी चालु सम्पत्तिमा कमी /बृद्धि		(२३,२४४,५५४.०५)	(१३,९५३,५३६.००)
	१	अन्य चालु सम्पत्तीमा कमी/बृद्धि	(३३२,५७०.९१)	(४९५,४९२.४५)
	२	लगानीमा कमी/बृद्धि	-	-
	३	लगानीमा रहीरहेको ऋण रकममा कमी/(बृद्धि)	(२२,९११,९८३.१४)	(१३,४५८,०४३.५५)
	संचालन सम्बन्धी चालु दायित्वमा कमी/बृद्धि		२३,५४२,८८०.५६	३२,५८९,६३५.६२
	१	निक्षेप दायित्वमा (कमी)/बृद्धि	२३,४६७,८९४.२४	३२,६३६,१७५.२६
	२	भुक्तानी दिनुपर्ने हिसावमा (कमी)/बृद्धि	७४,९८६.३२	(४६,५३९.६४)
ख	लगानी कारोबारमा नगद प्रवाह		(४८०,५००.००)	(५३७,१२०.००)
	१	दीर्घकालिन लगानीमा कमी/बृद्धि	-	-
	२	स्थिर सम्पत्तिमा खरिद	(४८०,५००.००)	(५३७,१२०.००)
ग	वित्तीय श्रोत कारोवारवाट नगद प्रवाह		(२,०४३,३१२.७४)	५६९,०३७.०३
	१	दीर्घकालिन ऋण (बण्ड, डिवेन्चर आदि) मा कमी/बृद्धि	(१,६६६,६६६.६४)	(१,६६६,६६६.६४)
	२	शेयर पूंजीमा (कमी)/बृद्धि	४५३,५००.००	२,१५६,१००.००
	३	भवन निर्माण, सदस्य राहत कोषमा बृद्धि	३०६,६००.००	३४७,७२०.००
	४	कोषको वितरण	(१,१३६,७४६.१०)	(२६८,११६.३३)
ङ	यस वर्षको सम्पूर्ण गतिविधिवाट नगद प्रवाह		१,६२६,१५७.९६	२२,२०९,३३१.५८
च	नगद तथा वैंकमा रहेको शुरु मौज्दात		२८,१२०,३५६.०४	५,९११,०२४.४६
छ	नगद तथा वैंकमा रहेको अन्तिम मौज्दात		२९,७४६,५१४.००	२८,१२०,३५६.०४
	लेखा निति			

श्री सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लि. का तर्फबाट यसै मितिको हाम्रो आजैको मितिको संलग्न प्रतिवेदन बमोजिम

(विकास रानाभाट)

(यदुनाथ वराल)
कोपाध्यक्ष

(सूर्य प्रसाद वञ्जरा)
सचिव

(शैलेन्द्र मोहन भट्टराई)
अध्यक्ष

आर.ए. पदम वन्धु पोखरेल
प्रोप्राइटर
नि. पदम एण्ड एसोसियट्स
रजिर्ष्टड अडिटर्स

श्री सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड
पोखरा २६, बुढीबजार, कास्की
खुद नाफा/नोक्सान वाडफाडको विवरण

बिबरण	प्रतिशत	बांडफांड		खर्च / वितरण		जम्मा बाँकी
		यस वर्षको रकम रू	गत वर्षसम्मको रकम रू	यस वर्षको खर्च रकम रू	साधारण जगेडा कोषमा सारेको रकम रू	यस वर्षसम्मको रकम रू
साधारण जगेडा कोष	२५	७५१,५२८.७२	३,१३२,३७५.७८		१,२८५,८७८.८७	५,१६९,७८३.३७
कुल बाँकी कोष		२,२५४,५८६.१७	३,१३२,३७५.७८			५,३८६,९६१.९५
अन्य कोषको वाडफाड		५७४,९१९.४७	६०७,८३२.२९			५८६,८३७.७६
संरक्षित पूजी फितां कोष	२५	५६३,६४६.५४	५९५,९१४.००		५९५,९१४.००	५६३,६४६.५४
सहकारी प्रवंद्न कोष	०।५०	११,२७२.९३	११,९१८.२९			२३,१९१.२२
		१,६७९,६६६.७०	१,८२६,७१०.९७	१,१३६,७४६.१०	६८९,९६४.८७	१,६७९,६६६.७०
सहकारी शिक्षा कोष	५	८३,९८३.३३	८८,७९१.२६		८८,७९१.२६	८३,९८३.३३
शेयर लाभांश कोष	६०	१,००७,८००.०२	१,०६५,४९५.१०	१,०६५,४९५.१०		१,००७,८००.०२
घाटा पुर्ति कोष	५	८३,९८३.३३	१३९,६७७.०५		१३९,६७७.०५	८३,९८३.३३
सामुदयिक विकास कोष	५	८३,९८३.३३	८८,७९१.२६		८८,७९१.२६	८३,९८३.३३
डुबन्ते ऋण कोष	५	८३,९८३.३३	८८,७९१.२६		८८,७९१.२६	८३,९८३.३३
स्थिरीकरण कोष	५	८३,९८३.३३	८८,७९१.२६		८८,७९१.२६	८३,९८३.३३
जोखिम व्यवस्थापन कोष	५	८३,९८३.३३	८८,७९१.२६		८८,७९१.२६	८३,९८३.३३
कर्मचारी बोनश कोष	१०	१६७,९६६.६७	१७७,५८२.५२	७१,२५१.००	१०६,३३१.५२	१६७,९६६.६७
कुल जम्मा	१००	३,००६,११४.८९	५,५६६,९१९.०४	१,१३६,७४६.१०	६८९,९६४.८७	७,४३६,२८७.८३

(बिकास रानाभाट)

(यदुनाथ वराल)
कोषाध्यक्ष

(सूर्य प्रसाद बञ्जरा)
सचिब

(शैलेन्द्र मोहन भट्टराई)
अध्यक्ष

(आर.ए. पदम बन्धु [illegible])
प्रोप्राइटर
नि. पदम एण्ड एसोसियट्स
रजिर्ष्टड अडिटर्स

श्री सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड
पोखरा २६, बुढीबजार, कास्की
आ.ब. २०७६।७७ को लेखा सम्बन्धी टिप्पणीहरू

अनुसूची १: शेयर पुंजी

विवरण	यस वर्ष रू	गत वर्ष रू
१ शेयर पूाजी ४,९४,९०७ कित्ता साधारण शेयर प्रति शेयर रू. १०० का दरले (गत वर्ष ४,९०,३७२ कित्ता)	४९,४९०,७००.००	४९,०३७,२००.००
जम्मा	४९,४९०,७००.००	४९,०३७,२००.००

अनुसूची २: कोष हिसाब

विवरण	यस वर्ष रू	गत वर्ष रू
१ साधारण जगेडा कोष	५,१६९,७८३.३७	३,१३२,३७५.७८
२ संरक्षित पूजी फिर्ता कोष	५६३,६४६.५४	५९५,९१४.००
३ सहकारी प्रर्वद्दन कोष	२३,१९१.२२	११,९१८.२९
४ सहकारी शिक्षा कोष	८३,९८३.३३	८८,७९१.२६
५ शेयर लाभांश कोष	१,००७,८००.०२	१,०६५,४९५.१०
६ घाटा पुर्ति कोष	८३,९८३.३३	१३९,६७७.०५
७ सामुदयिक विकास कोष	८३,९८३.३३	८८,७९१.२६
८ डुबन्ते ऋण कोष	८३,९८३.३३	८८,७९१.२६
९ स्थिरीकरण कोष	८३,९८३.३३	८८,७९१.२६
१० जोखिम व्यवस्थापन कोष	८३,९८३.३३	८८,७९१.२६
११ कमंचारी बोनश कोष	१६७,९६६.६७	१७७,५८२.५२
१२ जग्गा तथा भवन निर्मण कोष	२२१,९००.००	२१९,८००.००
१३ राहत कोष	१७६,१२०.००	११६,४२०.००
१४ सदस्य मृत्यु राहत कोष	५११,२००.००	२६६,४००.००
जम्मा	८,३४५,५०७.८३	६,१६९,५३९.०४

अनुसूची ३: बचत/निक्षेप

विवरण	यस वर्ष रू	गत वर्ष रू
१ आवधिक बचत	३९,२७९,५७९.००	३४,४८५,८६४.००
२ मासिक बचत	१७,७७५,५२८.५१	१४,८९९,५१३.७४
३ साधारण बचत	१४,५४४,९९३.७६	१२,६४८,१३०.३४
४ ऐच्छिक बचत	४०,५५२,१७३.८८	२७,११७,९५९.५६
५ ऋमिक बचत	३,१८३,४३०.४६	२,७१६,३४३.७३
जम्मा	११५,३३५,७०५.६१	९१,८६७,८११.३७

PADAM & ASSOCIATES Pokh Registered

श्री सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड
पोखरा २६, बुढीबजार, कास्की
आ.ब.२०७६।७७ को लेखा सम्बन्धी टिप्पणीहरू

अनुसूची ४: ऋण हिसाब

विवरण	यस वर्ष रू	गत वर्ष रू
१ युवा स्वरोजगार कोष	१,४५८,३३३.३९	३,१२५,०००.०३
जम्मा	१,४५८,३३३.३९	३,१२५,०००.०३

अनुसूची ५:चालु दायित्व

विवरण	यस वर्ष रू	गत वर्ष रू
१ ले.प.शुल्क	५५,७५०.००	३९,५५०.००
२ अग्रिम कर कट्टि		
ब्याजमा कर	११४,२४८.२०	१११,६२९.८८
वहाल कर	९,५२५.००	-
सामाजिक सुरक्षा कर	६९५.५१	४५२.००
ले.प.शुल्क	७५०.००	-
बैठक भत्ता	-	३२,९२५.००
अन्य तिर्न बाकी कर	२,०३०.६१	-
३ वचतमा दिनुपर्ने ब्याज	२६७,५०८.१७	१०८,५६२.९२
४ कर्मचारी संचय कोष खाता	३५,८००.००	७,२१५.००
५ अन्य	७३,५४९.५०	१८४,५३५.८७
जम्मा	५५९,८५६.९९	४८४,८७०.६७

अनुसूची ६: अन्य दिर्घकालिन दायित्व

विवरण	यस वर्ष रू	गत वर्ष रू
१ बिदा तथा उपदान कोष ब्यबस्था	२१८,०७५.८३	-
जम्मा	२१८,०७५.८३	-

श्री सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड
पोखरा २६, बुढीबजार, कास्की
३१ असाढ २०७७ (जुलाई १५, २०२०)

अनुसूचि ७ : स्थिर सम्पत्ति:

क्र.सं.	विवरण	परल मूल्य				ह्रास कट्टी			बाकी मुल्य	
		गत वर्ष सम्मको रकम (रू)	यस वर्षको खरीद रकम (रू)	बिकी र समायोजन	जम्मा मोल	गत वर्ष सम्मको रकम (रू)	यस वर्षको थप रकम (रू)	जम्मा ह्रास	यसवर्ष रकम (रू)	गत वर्ष रकम (रू)
समुह क : जग्गा, भवन तथा संरचनाहरू										
१	जग्गा	-			-			-	-	-
२	भवन तथा सरचना	-			-	-	-	-	-	-
	जम्मा	-	-	-	-	-	-	-	-	-
समुह ख : फर्निचर फिक्चर्स तथा कार्यालय उपकरणहरू										
१	फर्निचर तथा फर्निसिङ्ग	२६८,९१०.१५	३६९,०००	-	६३७,९१०.१५	५८,५९९.००	२६,८९१.०२	८५,४९०.०२	५५२,४२०.१४	२१०,३११ १५
२	अन्य कार्यालय उपकरण	३९९,२४८.००	८,३००		४०७,५४८.००	१३३,७६४.९६	५०,९४३.५०	१८४,७०८.४६	२२२,८३९.५४	२६५,४८३.०४
३	कम्पुटर तथा प्रिन्टर	२५४,४६६ ००	७८,२००	-	३३२,६६६.००	१३२,७३५.११	६१,२४९.८७	१९३,९८४ ९८	१३८,६८१.०२	१२१,७३० ८९
	जम्मा	९२२,६२४.१५	४५५,५००.००	-	१,३७८,१२४.१५	३२५,०९९.०७	१३९,०८४.३८	४६४,१८३.४५	९१३,९४०.७०	५९७,५२५.०८
समुह ग : सवारी साधन										
	जम्मा	-	-	-	-	-	-	-	-	-
समुह घ : अन्य उपकरणहरू										
	जम्मा	-	-	-	-	-	-	-	-	-
	कुल जम्मा रू यस बर्ष	९२२,६२४	४५५,५००	-	१,३७८,१२४	३२५,०९९	१३९,०८४	४६४,१८३	९१३,९४१	५९७,५२५

अनुसूचि ८ :अदृश्य सम्पत्ति:

क्र.सं.	विवरण	परल मूल्य				ह्रास कट्टी			बाकी मुल्य	
		गत वर्ष सम्मको रकम (रू)	यस वर्षको खरीद रकम (रू)	विकी र समायोजन	जम्मा मोल	गत वर्ष सम्मको रकम (रू)	यस वर्षको थप रकम (रू)	जम्मा ह्रास	यसवर्ष रकम (रू)	गत वर्ष रकम (रू)
१	सफटवेयर	१४३,६५०.००	२५,०००.००		१६८,६५०.००	४३,७३०.००	२९,९८४.००	७३,७१४ ००	९४,९३६ ००	९९,९२० ००
२	कार्यालय सरचनाहरू	४८६,०३० ००			४८६,०३०.००	५३,८४५.१५	४८,६०३.००	१०२,४४८ १५	३८३,५८१ ८५	४३२,१८४ ८५
	कुल जम्मा रू यस बर्ष	६२९,६८०.००	२५,०००.००	-	६५४,६८०.००	९७,५७५.१५	७८,५८७.००	१७६,१६२.१५	४७८,५१७.८५	५३२,१०४.८५

श्री सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड
पोखरा २६, बुढीबजार, कास्की
आ.ब. २०७६।७७ को लेखा सम्बन्धी टिप्पणीहरू

अनुसूची ९: लगानी

	विवरण	यस वर्ष रू	गत वर्ष रू
१	राष्ट्रिय सहकारी बैंक लि.	१०,०००.००	१०,०००.००
२	लेखनाथ सहकारी मञ्च	१०,०००.००	१०,०००.००
३	केन्द्रिय पशुपालन सहकारी सस्था	१,०००.००	१,०००.००
४	जिल्ला सहकारी संघ	५,०००.००	५,०००.००
५	कृषि सहकारी संघ लि	५,०००.००	५,०००.००
	जम्मा	३१,०००.००	३१,०००.००

अनुसूची १०: ऋण लगानी

	विवरण	यस वर्ष रू	गत वर्ष रू
१	कृषि कर्जा	१४३,३३२,२९२.६९	११८,६६४,६३४.५५
२	सामाजिक कर्जा	१००,०००.००	१००,०००.००
३	युवा स्वराजगार कजा	१,५९४,७३७.००	३,३५०,४१२.००
	जम्मा	१४५,०२७,०२९.६९	१२२,११५,०४६.५५

अनुसूची ११: अन्य दिर्घकालिन सम्पत्ति

विवरण	यस वर्ष रू	गत वर्ष रू
जम्मा	-	-

अनुसूची १२: नगद वा नगद सरह

	विवरण	यस वर्ष रू	गत वर्ष रू
१	नगद	२४८,२७२.००	९०,४५५.००
२	कामना सेवा विकास बैंक लि.	५,३१९.३८	५,३१९.३८
३	पोखरा फाईनान्स लि.	३६,२४३.६१	३,२६७,८५४.७४
४	राष्ट्रिय सहकारी बैंक लि.	७०,८२८.१७	६५,७३३.५८
५	राष्ट्रिय वाणिज्य बैंक लि	३,०००.००	३,०००.००
६	एन.आई.सि. एशिया बैंक लि.	१,८६१,४९४.४२	१९८,६८९.१४
७	ग्लोबल आई एम ई बैंक लि.	२३,९०९.८९	२२१,०९९.५४
८	प्राइम बैंक लि.	२०८,८२६.११	५,६४७,७६४.३५
९	सनराईज बैंक लि.	३,०६७,५०८.०६	-
१०	गरिमा बिकाश बैंक लि.	३,०६१,६०९.३०	-
११	महालक्ष्मी बिकाश वैंक लि.	४,०९६,१०६.५२	-
१२	कृषि विकाश बैंक ली.	२,०२४,३७६.९५	-
१३	कुमारी वैंक ली.	२७१,६९१.८६	-
१४	मुक्तिनाथ विकास बैंक लि.	१४,७६७,३२७.७३	१८,६२०,४४०.३१
	जम्मा	२९,७४६,५१४.००	२८,१२०,३५६.०४

श्री सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड
पोखरा २६, बुढीबजार, कास्की
आ.ब.२०७६।७७ को लेखा सम्बन्धी टिप्पणीहरू

अनुसूची १३: भुक्तानी पाउनुपर्ने

विवरण	यस वर्ष रू	गत वर्ष रू
जम्मा		

अनुसूची १४: अन्य चालु सम्पति

	विवरण	यस वर्ष रू	गत वर्ष रू
१	कर्जामा अशुल गर्न बाकी व्याज	६६७,१५८.६६	४,१२६.४२
२	न्युन : व्याज मुल्तबी रकम	(६६७,१५८.६६)	(४,१२६.४२)
३	ई सेवा प्रा.ली.	५४,७४९.५७	५४,८२२.८२
४	आई एम ई डिजिटल सोलुशन प्रा.ली.	१६,०१८.४८	-
५	घरभाडा धरौटी	३००,०००.००	४००,०००.००
६	कृषि सामाग्री संस्थान	७,०००.००	५,०००.००
७	टेलिफोन धरौटी	१,५००.००	७५०.००
८	इन्टरनेट धरौटी	१,०००.००	१,०००.००
९	कर्मचारी पेश्कि	२४,७२६.००	२४,७२६.००
१०	पेश्कि रिचार्ज	२१८,६०२.११	२५,१६०.००
११	पाउनुपर्ने एसएमएस कमिसन	१,७१५.०४	५१३.००
१२	अग्रीम करकटी बैंक व्याज	-	१३८,३५४.५३
१३	अग्रीम आयकर	७५५,४७८.३५	३९६,८९२.२८
१४	अन्य पाउनुपर्ने	-	१,०००.०१
	जम्मा	१,३८०,७८९.५५	१,०४८,२१८.६४

श्री सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड
पोखरा २६, बुढीबजार, कास्की
आ.ब. २०७६।७७ को लेखा सम्बन्धी टिप्पणीहरू

अनुसूची १५: व्याज आम्दानी

विवरण	यस वर्ष रू	गत वर्ष रू
१ ऋण लगानीबाट	२०,६८९,५४१.३१	१८,२६१,७८२.८८
२ युवा स्वारोजगारमा व्याज	२६१,६६९.३९	४२५,१९०.२६
३ बैंक व्याज	१,८९४,६९८.२८	८९५,३४७.८१
जम्मा	२२,८४५,९०८.९८	१९,५८२,३२०.९५

अनुसूची १६: व्याज खर्च

विवरण	यस वर्ष रू	गत वर्ष रू
१ निक्षेप दायित्वमा	१०,४५८,२७५.७५	७,५०३,२९४.५३
२ व्याज छुट खर्च	-	-
३ कर्जा सापटमा	१२४,९१८.३६	२०८,२५६.३६
जम्मा	१०,५८३,१९४.११	७,७११,५५०.८९

अनुसूची १७: अन्य सञ्चालन आम्दानी

विवरण	यस वर्ष रू	गत वर्ष रू
१ प्रवेश शुल्क	-	२,१००.००
२ एसएमएस सेवा	४६,४५०.००	१३,५१३.००
३ ईसेवा कमिशन	८,२६३.७५	५,३६३.१६
४ एसएमएस कमिशन	१२,५४७.२४	-
५ आई एम ई पे कमिशन	९८०.४८	-
६ लाभांश आम्दानी	१,५८६.७८	-
७ सदस्यता शुल्क	८००.००	-
८ रेमिट्यान्स कमिशन	१३६.००	
९ अन्य शुल्क	३,९५१.१६	२,५१२.२७
जम्मा	७४,७१५.४१	२३,४८८.४३

अनुसूची १८: कर्मचारी खर्च

६	यस वर्ष रू	गत वर्ष रू
१ तलब, भत्ता तथा कर्मचारी सुविधा	१,१३६,४४४.००	६६६,३६४.००
२ पोशाक खर्च	७९,०२०.००	६५,५३५.००
३ कर्मचारी सञ्चय कोष	६१,४५३.००	७,१४२.००
४ संचित बिदाको रकम	८३,८०३.२०	-
५ उपदान कोष व्यबस्था	१३४,२७२.६३	-
जम्मा	१,४९४,९९२.८३	७३९,०४१.००

PADAM & ASSOCIATES
Pokhara
Registered Auditors

श्री सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड
पोखरा २६, बुढीबजार, कास्की
आ.ब. २०७६।७७ को लेखा सम्बन्धी टिप्पणीहरू

अनुसूचा १९: कायालय सञ्चालन खच

	विवरण	यस वर्ष रू	गत वर्ष रू
१	घर भाडा	२०३,७७५.००	१६७,९०५.००
२	अथिती सत्कार तथा खाजा खर्च	७४,३८१.००	३०८,४५८.००
३	मर्मत तथा सम्भार	७८,१४५.००	४९,१६०.००
४	विद्युत महशुल तथा पानी खर्च	३०,५८०.००	३१,०२०.००
५	लेखा परिक्षण शुल्क	५६,५००.००	३९,५५०.००
६	टिकट, टेलेक्स, टेलिफोन, फ्याक्स	५०,०४५.००	४८,८३०.००
७	क्लाउड खर्च	११३,०००.००	-
८	विज्ञापन खर्च	४,५००.००	४६,९६५.००
९	औषधि उपचार खर्च	३०,९०५.००	-
१०	मसलन्द र छपाई खर्च	११४,०५५.००	११९,९५५.००
११	पत्रपत्रिका खर्च	४,१००.००	४,७००.००
१२	एस् एम् एस् कमिशन खर्च	१२,५४७.२४	-
१३	दर्ता तथा नविकरण	१०,०५०.००	२७,१०२.००
१४	मल तथा बिउ अनुदान खर्च	१,२८८,१४६.००	१,२६६,०००.००
१५	स्थापना दिवस खर्च	२४७,८५६.००	१४५,४५०.००
१६	बार्षिक साधारण सभा खर्च	१,८३५,८६४.००	१,८६१,९१७.००
१७	सहकारी दिवस खर्च	८४,१०८.००	२१७,४४५.००
१८	यातायात, ईन्धन तथा भ्रमण खर्च	१,५००.००	४६५,३००.००
१९	मोबाईल बैंकिङ्ग खर्च	३३,०८०.००	२८,०८०.००
२०	विमा शुल्क	१५,६३१.००	१६,१४८.००
२१	सहकारी अध्ययन तथा अवलोकन भ्रमण खर्च	१,२८२,९१७.००	१,६९०,६५०.००
२२	बैठक भत्ता	-	२१९,५००.००
२३	समवेदना खर्च	१९,८९३.००	१९,७६०.००
२४	बनभोज खर्च	३८,७४०.००	
२५	सरसफाई खर्च	१४,२८०.१६	१०,८७६.००
२६	सस्थागत सामाजिक उतरदायित्व खर्च	-	१११,८५०.००
२७	सदस्यता तालीम तथा बिकास खर्च	४०४,४००.००	३७४,३२५.००
२८	चन्दा खर्च	२,०००.००	४,०००.००
२९	कोभिड १९ सहयोग	५४१,१००.००	-
३०	विविध खर्च	-	५,२२१.००
घघ	सफ्टवयर नविकरण खर्च	३३,९००.००	-
	जम्मा	६,७०५,९९८.४०	७,२८०,१६७.००

श्री सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड
पोखरा २६, बुढीबजार, कास्की
आ.ब. २०७६।७७ को लेखा सम्बन्धी टिप्पणीहरू

अनुसूची २०: संम्भावित नोक्सानी व्यवस्था

विवरण		कर्जा रकम	चालू आ.व. रू	गत आ.ब. रू.
१	गत वर्ष सम्मको व्यवस्था		१,२२१,१५०.४७	१,०८६,५७०.०३
२	व्यवस्था वाट फिर्ता		-	-
क	यस वर्पको व्यवस्था अधिको जम्मा कर्जा कोष		१,२२१,१५०.४७	१,०८६,५७०.०३
ख	यस वर्ष सम्मको व्यवस्था		१,८०७,७५२.८९	१,२२१,१५०.४७
१	असल कर्जा	१४३,९७५,६१०	१,४३९,७५६.००	१,२२१,१५०.४७
२	शंकास्पद कर्जा	१,०५१,४२०	३६७,९९६.८९	-
३	खराव कर्जा		-	-
ग	यस वर्षको थप तथा (फिर्ता)		५८६,६०२.४२	१३४,५८०.४४
	जम्मा खराव कर्जा कोष व्यवस्था		१,८०७,७५२.८९	१,२२१,१५०.४७

(बिकास रानाभाट)
व्यबस्थापक

(यदुनाथ बराल)
कोषाध्यक्ष

(सूर्य प्रसाद बञ्जरा)
सचिब

(शैलेन्द्र मोहन भट्टराई)
अध्यक्ष

(आर.ए. पदम बन्धु पोखरेल)
प्रोप्राइटर
नि. पदम एण्ड एसोसियटस
रजिर्ष्टड अडिटर्स

सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड
पोखरा महानगरपालिका वडा नं. २६, कालिकाचोक, कास्की

अनुसूचि २० : प्रमुख लेखा नीतिहरु

सहकारीले अपनाएको प्रमुख लेखा नीतिहरु निम्नानुसार रहेको छन् ।

१. संस्थाको संक्षिप्त पृष्ठभूमि :

सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड, कास्की जिल्लामा स्थापित एक सिमित दायित्व भएको सहकारी हो । यसको रजिष्टर्ड (केन्द्रिय) कार्यालय पोखरा-२६, कालिकाचोक कास्कीमा रहेको छ । सहकारी ऐन २०७४ (साविक सहकारी ऐन २०४८) बमोजिम यस सहकारीको स्थापना भएको हो । संलग्न वित्तीयविवरणहरु सहकारीको संचालक समितिले मिति २०७७।०६।०८ मा पारित गरेको हो ।

२. प्रमुख लेखा नीतिहरु :

वित्तीय विवरणहरु तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन । अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ ।

क. लेखा सम्बन्धी अबधारणा :

संलग्न वित्तीय विवरणाहरु सर्वमान्य लेखा सिद्धान्तका आधारमा, विद्यमान लेखा नीतिहरु, सहकारी ऐन, सहकारी नियमावली, नेपाल वित्तिय प्रतिवेदनमान, नेपाल लेखामानहरु तथा आ.व २०७६/०७७ लाई लागु हुने नियामक निर्देशनहरु वमोजिम तयार गरिएका छन् ।
आर्थिक विवरणाहरु अन्यथा उल्लेख गरिएको वाहेक प्रोदभावी आधार (Accrual Basis) मा अविछिन्न सञ्चालनको मान्यता (Going Concern Assumptions) को आधारमा तयार गरिएको छ ।

ख. लेखाङ्कनको आधार :

वित्तीय विवरणहरु ऐतिहासिक लागतको सिद्धान्तको आधारमा तयार पारिएका छन् । नेपाल लेखा मापदण्डहरु अनुरुप वित्तीय विवरणहरु तयार पार्दा केही आवश्यक लेखा अनुमानहरु गरिनुका साथै विभिन्न लेखा नीतिहरुको पालना गर्ने क्रममा व्यवस्थापनद्वारा विवेकपूर्ण आधारहरुको प्रयोग गर्नुपर्ने आवश्यकता रहन्छ ।

ग. ब्याज आम्दानी :

नेपाल लेखामान १८, आयको लेखांकन वमोजिम आर्जित ब्याज आम्दानीलाई प्रोदभावी आधारमा (Accrual Basis) लेखाङ्कन गर्नुपर्नेमा सहकारी ऐन, नियम र नियामक निर्देशन वमोजिम संस्थाले ऋण लगानीमा प्राप्त ब्याज आम्दनीलाई नगद प्राप्तीको (Cash Basis) आधारमा लेखाङ्कन गर्ने र अशुल हुन बाँकी ब्याज रकमलाई ब्याज मुल्तवी हिसावमा लेखांकन गर्ने नीति लिएको छ । लगानीवाट आर्जित ब्याज आम्दानीलाई प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिएको छ ।

घ. कमिशन आयको लेखाङ्कन:

यस संस्थाले विभिन्न कारोवारबाट प्राप्त हुने कमिशन आयलाई प्रोदभावी आधारमा (Accrual Basis) आम्दानीमा लेखाङ्कन गर्ने नीति लिइएको छ ।

ङ. लाभांश आय :

शेयर लगानीबाट प्राप्त हुने लाभांश आयलाई प्राप्तीको हक (Right to receive) कायम भएको आधारमा लेखाङ्कन गर्ने नीति लिइएको छ ।

च. ब्याज खर्च :

वचत दायित्व तथा संस्थाले लिएको सापटीमा तिर्नुपर्ने ब्याजलाई प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिएको छ ।

छ. ऋण तथा सापट :

यस शिर्षकमा सदस्यलाई प्रदान गरिएका प्रत्यक्ष ऋणहरु पर्दछन् । यस अन्तर्गत मूलत : कृषि कर्जा रहेका छन् । यसरी प्रवाह गरिएका ऋणलाई सहकारी ऐन, नियमावलि तथा मापदण्डको अधिनमा रहि जोखिमको आधारमा वर्गिकरण गरी सम्भाबित ऋण (कर्जा) नोक्सानी व्यवस्था गरिएको छ ।

ज. ऋण (कर्जा) नोक्सानी व्यवस्था :

संस्थाको ऋण (कर्जा) तथा सापटमा निहीत जोखिमबाट भविष्यमा पर्न सक्ने सम्भाबित नोक्सानीका लागि संस्थाको विनियम र नियामक निर्देशन बमोजिम पर्याप्त ऋण (कर्जा) नोक्सानी रकमको व्यवस्था गरिएको छ । सहकारी ऐन, २०७४ सहकारी नियमावलि, २०७५ र संस्थाको बिनियम वमोजिम असल ऋणका लागि एक प्रतिशत, एक बर्ष भन्दा कम अवधि भाखा नाघेको ऋणका लागि पैतीस प्रतिशत र एक वर्ष वा सो भन्दा वढी भाखा नाघेको ऋणमा शत प्रतिशत सम्म ऋण (कर्जा) नोक्सानी व्यवस्था निति लिईएको छ ।

झ. लगानी सम्बन्धी नीति :

लगानीलाई लागत मूल्यको आधारमा मुल्याङ्कन गरी सोही अनुसार लेखाङ्कन गर्ने नीति लिइएको छ ।

ञ. स्थिर सम्पत्तिमा ह्रास कट्टि नीति :

१) स्थिर सम्पत्तिहरुलाई ऐतिहासिक लागत अवधारणा अनुरुप लेखाङ्कन गरीएको छ ।

२) सहकारी मापदण्ड, नेपाल लेखामान १६ वमोजिम जमिन वाहेक स्थिर सम्पत्तीलाई अपेक्षित आयु, टिकाऊपन र भविश्यमा प्राप्त हुने आर्थिक लाभको आधारमा यस वर्ष देखि समदर प्रणाली वमोजिम यस वर्ष ह्रासकट्टी गरिएको छ ।

३) विगत बर्षहरुमा आयकर ऐन, २०५८ बमोजिम तोकिएको सम्पत्तीको समुहमा बर्गिकरण गरी "क", "ख", "ग", र "घ" समुहका लागि उल्लेखित दरमा ह्रासयोग्य स्थिर सम्पत्तीको घट्दो ह्रास प्रणाली अनूसार गणना गरि नाफा नोक्सान हिसावमा लेखांकन गरिएकोमा साना तथा मझौला निकायका लागि नेपाल वित्तिय प्रतिबेदनमान (NFRS for SME) को पहिलो पटक अवलम्वन (First Time Adoption) गर्दा विगत बर्षहरुको ह्रास खर्च र सम्पत्तीको पूर्नमूल्यांकन गरी विगत वर्षहरुमा बढी दाबी भएको ह्रास खर्च रु. १,८५,५४५।०७ लाई रिभर्स गर्नुपर्ने देखिएको र सहकारी मापदण्ड वमोजिम बिगत बर्षहरुको कारोबारलाई पूर्नमूल्यांकन गरी पूनप्रस्तुतीकरण गर्न नपर्ने भएकोले अन्य गैह्र सञ्चालन आम्दानीको रुपमा नाफा नोक्सानी हिसावमा प्रस्तुत गरिएको छ ।

Pokhara
Registered Auditors

संस्थाको ह्रासयोग्य स्थिर सम्पत्तीलाई देहाय बमोजिम समुहमा वर्गिकरण गरी देहाय बमोजिम अपेक्षित आयुको आधारमा ह्रास कट्टी गरिएको छ।

क.सं.	सम्पत्तीको समुह	अपेक्षित आयु बर्ष
१	फर्निचर तथा फर्निसिङ्ग	१०
२	कार्यालय उपकरण	८
३	कम्प्युटर तथा प्रिन्टर्स	५

५) कम्प्यूटर सफ्टवेयर जस्ता अमूर्त सम्पत्ती (Intangible Assets) लाई खरिद मितिले ५ बर्ष मा समदरमा परिशोधन गर्ने नीति लिएको छ।

६) पट्टामा लिएका भवनमा गरिएका खर्च र निर्माण गरिएका अफिस संरचनाहरुलाई वहाल अवधिको आधारमा समदरमा परिशोधन गर्ने निति लिईएको छ।

ट. आयकर व्यवस्था नीति :

१) चालु आयकर ब्यबस्था : आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ बमोजिम स्वयंकर निर्धारणबाट निर्धारित करयोग्य आयमा १० प्रतिशतले हुने रकम आयकर वापत व्यवस्था गरिएको छ। संस्थाले गरेको आयकर व्यवस्था सम्वन्धित राजश्व कार्यालयबाट अन्तिम कर निर्धारण हुदा घटवढ भएमा त्यस्तो फरक रकमलाई सोही वर्ष आवश्यकतानुसार लेखांकन गरिने छ।

२) बिगत बर्षहरुको आयकर : विगत वर्षहरुमा कर मिलान दावी नभई स्थिति विवरण पत्र (वासलात) मा देखिईरहेको स्रोतमा कर कट्टी रकम र विगत वर्षहरुमा चालु आयकर व्यवस्था भन्दा वढी लागेको रकमलाई नाफा नोक्सान हिसावमा खर्च जनाईएको छ।

३) डेर्फड आयकर आम्दानी (खर्च) : आयकर ऐन, २०५८ र नेपाल बित्तिय प्रतिवेदनमान एवं सहकारी मापदण्ड बमोजिम लेखांकनवाट पर्नजाने अस्थायी फरकहरुबाट सिर्जना हुने कर दायित्व वा लाभलाई डेर्फड आयकर आम्दानी वा खर्चको रुपमा लेखांकन गर्ने निति लिईएको छ। सहकारी मापदण्डले तोके वमोजिम यस बर्ष देखि डेर्फड कर गणना गरिएको छ।

ठ. बिदा वापतको रकम तथा उपदान ब्यबस्था :

संस्थाको छुट्टै कर्मचारी नियमाबली वा कार्यविधि नरहेकोले श्रम ऐन, २०४८ तथा श्रम ऐन, २०७४ वमोजिम लागु हुने बार्षिक बिदा र बिरामी बिदा सञ्चित रकम वापत भुक्तानी दिनु पर्ने यस वर्ष सम्मको रकम र उपदान वापत भुक्तानी दिनु पर्ने यस वर्ष सम्मको रकम गणना गरी नाफा नोक्सान हिसाबमा खर्च लेखांकन गरिएको छ।

संचय कोष वापत संस्थाबाट प्रदान गरिने योगदान रकम तथा कर्मचारीवाट कट्टा हुने रकमको जोडलाई कर्मचारी संचयकोषमा दाखिला गरेको र बर्षान्तमा दाखिला गर्न बाँकी रहेको रकमलाई भुक्तानी दिन बाँकी हिसाबमा लेखांकन गरिएको छ।

ड. वासलात मिति पछिका घटनाहरु

वासलात मिति पछिका घटनाहरु, त्यस्ता अनुकुल तथा प्रतिकुल घटनाहरु हुन्, जुन वासलात मितिदेखि वित्तीय विवरण जारी गर्नका लागि स्वीकृत गरिएको मितिका बीच घटित हुन्छन्।

यस वासलात मिति पश्चात घटित सवै सारभूत तथा महत्वपूर्ण घटनाहरुलाई वित्तिय विवरण तयारी गर्दा यथोचित ध्यान दिईएको छ र त्यस्ता घटनाहरु भएमा लेखा टिप्पणीमा प्रस्तुत गरिनेछ।

सिलिङ्गे कृषि उत्पादक सहकारी संस्था लिमिटेड

पोखरा महानगरपालिका वडा नं. २६, कालिकाचोक, कास्की

लेखा सम्बन्धी टिप्पणी

लेखा परीक्षणको कममा निम्नानुसार टिप्पणीहरु रहेको छन् ।

१. लेखा परीक्षणको स्वीकृति :

यस संस्थाको लेखापरीक्षणको लागि साधारण सभाबाट सञ्चालक समितिलाई लेखापरीक्षक नियुक्त गर्न अख्तियारी प्रदान गरेको र सोही बमोजिम पूर्व स्वीकृतिका लागि संस्थाले सम्बन्धित कार्यालयमा पत्राचार गरेको छ । सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ र नियामक निर्देशनहरु बमोजिम लेखापरीक्षकको नियुक्ती साधारण सभाबाट मात्र गर्नुपर्ने भएकोले उक्त बैधानिक व्यवस्थाको अनुपालना भएको नदेखिएकोले आगामि साधारण सभा देखि लेखापरीक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण समेत गर्न शासकीय भूमिकामा रहेका ब्यात्तिहरुको ध्यानाकर्षण गराईएको छ ।

२. सहकारी ऐन २०७४, सहकारी नियमाबली, २०७५ र सहकारी मापदण्ड र निर्देशनहरुको अनुपालना:

संस्था संचालन गर्दा सहकारी मूल्य र मान्यताको अवलम्वन गरी सहकारी ऐन, नियम र मापदण्डको मूलभुत ब्यबस्थाहरुको अनुपालना गरी संस्था सञ्चालन गरेको देखिएको छ । संस्था सञ्चालन गर्न आवश्यक थप नियम तथा कार्यविधि तर्जुमा गरी लागु गर्न र नियामक निर्देशनहरुको अनुपालना गर्न बिभागीय जिम्मेवारी सहित कार्य गर्न आवश्यक देखिएको छ ।

३. PEARLS अनुपात बिश्लेषणको स्थिति :

संस्थाको यस बर्ष वचत तथा ऋण मूख्य कारोबार रहेको देखिएकोले नियमित रुपमा PEARLS अनुपातहरु बिष्लेषण गरी तद्अनुरुप कमजोर पक्षहरु सुधार गर्न योजनाबद्ध तरिकाले कार्य गर्न आवश्यक देखिएको छ ।

४. बचत तथा ऋणका योजनाहरु र सो को औषत ब्याज दरको अन्तर यसप्रकार छ :

संस्थामा रहेको बचत योजना र ऋण योजनाको शीर्षकगत रकम वित्तिय विवरणको अनुसूचि एवं टिप्पणीहरुमा खुलाईएको छ । ऋण तथा वचतमा रहेको औषत ब्याज दर अन्तर देहाय बमोजिम रहेको छ :

क. ऋण तथा सापटीमा	१४.२७ प्रतिशत
ख. वचत निक्षेप दायित्वमा	९.०७ प्रतिशत
अन्तर दर अन्तर	**५.२० प्रतिशत**

५. शेयर पुँजि

यस संस्थाको ४,९४,९०७ शेयर कित्तावाट रु. १००।०० प्रति कित्ताका दरले शेयर बिकी भई रु. ४,९४,९०,७००।०० चुक्ता पूँजि रहेको छ। संस्थाको विनियम वमोजिम एकै व्याक्तिले २० प्रतिशत भन्दा वढी शेयर धारण गरेको देखिएको छैन ।

६. कोष बाँडफाँड :

PADAM & ASSOCIATES Pokhara Registered Auditors

संस्थाको विनियममा उल्लेख गरिएको व्यवस्था अनुरुप र सहकारी ऐन २०७४ तथा सहकारी नियमावलि २०७५ मा उल्लेख गरिएको प्रावधान संग बाझिएको हदसम्म ऐन तथा नियमावलिमा उल्लेख गरिए वमोजिम निम्न कोष को व्यवस्था गरिएको छ ।

कोषको विवरण	दर	यस आ.व. को नाफाबाट बाँडफाँड गरिएको रकम रु
साधारण जगेडा कोष	२५	७५१,५२८.७२
कुल बाँकी कोष		२,२५४,५८६.१७
अन्य कोषको वाडँफाडँ		५७४,९१९.४७
संरक्षित पूजी फिर्ता कोष	२५	५६३,६४६.५४
सहकारी प्रर्वद्दन कोष	०।५०	११,२७२.९३
बांकी कोष		१,६७९,६६६.७०
सहकारी शिक्षा कोष	५	८३,९८३.३३
शेयर लाभांश कोष	६०	१,००७,८००.०२
घाटा पुर्ति कोष	५	८३,९८३.३३
सामुदयिक विकास कोष	५	८३,९८३.३३
डुबन्ते ऋण कोष	५	८३,९८३.३३
स्थिरीकरण कोष	५	८३,९८३.३३
जोखिम व्यवस्थापन कोष	५	८३,९८३.३३
कर्मचारी बोनश कोष	१०	१६७,९६६.६७
कुल जम्मा	१००	३,००६,११४.८९

७. गत बर्षको लेखापरीक्षण गर्दा देखाइएका कैफियत सुधार भए नभएको :

गत वर्ष सञ्चालनमा देखिएका सामान्य कमी कमजोरीहरु सुधारोन्मुख रहेको पाइयो ।

८. पालना गर्नुपर्ने प्रचलित नेपाल कानून पालना भए नभएको :

संस्थाले प्रचलित नेपाल कानूनको प्रतिकुल कार्य गरेको नदेखिको ।

९. संस्थागत सदस्य, कारोबारी सदस्य र अन्य सदस्य भनी बर्गिकरण गरी भेदभाब गरे नगरेको :

संस्थाले आफ्ना सदस्यहरुलाई संस्थागत सदस्य, कारोबारी सदस्य र अन्य सदस्य भनी वा यस्तै प्रकारले सदस्यहरुलाई बर्गिकरण गरेको देखिएन । सदस्यहरुको शेयर, बचत तथा ऋण रकमको एकिकृत अभिलेख राखी सदस्यहरुवाट मात्र बचत तथा ऋणको कारोबार गर्नुपर्ने देखिन्छ । अभिलेखहरुवाट सदस्यहरुलाई बिभेद गरेको देखिएको छैन् ।

PADHAN & ASSOCIATES Pokhara Registered Auditors

१०. साधारण सभाको सूचना दिएको आधार भरपर्दो भए नभएको :

संस्थाले साधारण सभाको मिति, समय, स्थान र छलफलका विषय सहित खोली पत्राचार गरी सूचना दिएको देखिएको र यसरी दिएको सूचनाको आधारमा साधारण सभामा सदस्यहरुको उपस्थिति उल्लेख्य रहेकोले गर्दा सूचना भरपर्दो देखिएको छ ।

११. शेयर तथा बचतको रकम अनुत्पादक क्षेत्रमा लगानी भए नभएको :

संस्थाले प्रवाह गरेको रकम खुल्ने क्षेत्रगत कर्जाको विवरण वासलात सँग सम्वन्धित अनुसूचिमा उल्लेख गरिएको छ ।

१२. लगानीको सुरक्षण र धितोको ब्यबस्था :

संस्थाले लगानीको सुरक्षणका लागि पर्याप्त धितो जमानी लिएर मात्र लगानी गरेको देखिएको छ ।

१३. सहकारी नियमाबली, २०४९ कोनियम २१ बमोजिमका अभिलेखहरु अद्याबधिक भए नभएको :

संस्थाले सम्पूर्ण लेखा अभिलेख र आर्थिक बिवरणहरु कम्प्युटर सफ्टबयरमा राखेको र कम्प्युटर सफ्टबयरवाट चार खाता लगायत सम्पूर्ण आर्थिक सूचना प्राप्त गर्न सकिने अवस्था विद्यमान रहेको छ ।

१४. एकै परिबारका एकभन्दा बढी संचालक रहे नरहेको र एकै सदस्यले कुल पूँजिकोषको १० प्रतिशत भन्दा बढी ऋृण लिए नलिएको :

त्यस्तो अवस्था विद्यमान नभएको ।

१५. संचालक र लेखा समिति तथा उप समितिहरुको बैठक नियमित बसे नबसेको :

संस्थाको सञ्चालक समिति, लेखा समिति र अन्य उप समितिहरुको बैठक नियमित रुपमा वसेको पाइयो ।

१६. सम्वन्धित पार्टी (Related Party) सम्बन्धी उद्घोषण

नेपाल लेखामान-२४ (Nepal Accounting Standard-24) अनुसार निम्नानुसारलाई सम्वन्धित पक्ष भनि परिभाषित गरिएको छ :

व्यवस्थापनमा रहेका प्रमुख व्यक्तिहरू (Key Mangement Persons):

व्यवस्थापनमा रहेका प्रमुख व्यक्तिको विवरण निम्नानुसार रहेको छ ।

क.स	नाम	पद
१	श्री शैलेन्द्र मोहन भट्टराई	अध्यक्ष
२	श्री श्यामा भट्टराई	उपाध्यक्ष
३	श्री सूर्य प्रसाद बञ्जरा	सचिव
४	श्री यदुनाथ बराल	कोषाध्यक्ष
५	श्री सोमनाथ उपाध्याय अधिकारी	सञ्चालक
६	श्री चिनिया थापा	सञ्चालक

PADAM ASSOCIATES Pokhara Registered Auditors

७	श्री ओम बहादुर बञ्जरा	सञ्चालक
८	ईश्वर राज भण्डारी	सञ्चालक
९	सावित्री थापा	सञ्चालक
१०	शिबजी रानाभाट	सञ्चालक
११	ठाकुर प्रसाद रानाभाट	सञ्चालक
१२	बिकाश रानाभाट	व्यवस्थापक

१७. दायित्व, सम्पत्ती, खर्च र आम्दानी खाताका अनुसूचिहरु :

संस्थाले सम्पूर्ण लेखा अभिलेख र सान्दर्भिक आर्थिक बिबरणहरु कम्प्युटर सफ्टवयरमा राखेको र कम्प्युटर सफ्टबयरबाट दायित्व, सम्पत्ती, खर्च र आम्दानी (चार खाता) सम्बन्धी सूचना प्राप्त गर्न सकिने अवस्था बिद्यमान रहेको छ । दायित्व, सम्पत्ती, खर्च र आम्दानीको बिस्तृत बिबरण खुल्ने १ देखि १९ सम्मका अनुसूचिहरु लेखापरीक्षण प्रतिबेदनमा खुलाईएको छ ।

१८. संस्था बिषयगत संघ र राष्ट्रिय सहकारी बैंकको शेयर सदस्य भए नभएको :

यस संस्था राष्ट्रिय सहकारी बैंक लि.,जिल्ला सहकारी संघ लि., केन्द्रीय पशुपालन सहकारी संघ लि., कृषि सहकारी संघ लि. र लेखनाथ सहकारी मञ्चको सदस्य रहेको छ ।

१९. राजश्व तथा अन्य कर चुक्ता गरे नगरेको :

आयकर ऐन, २०५८ तथा आयकर नियमावली, आर्थिक ऐन, २०७६ ले व्यवस्था गरे बमोजिम यस संस्थाले सम्पूर्ण कर चुक्ता गरेको देखिन्छ ।

२०. लङ्गफर्म प्रतिबेदन :

यस संस्थाले सहकारी मापदण्ड, २०६८ मा उल्लेख भए वमोजिम लङ्ग फर्म प्रतिवेदन तयार गरिएको छ ।

२१. पुनर्समूहकरण तथा पुनर्वर्गिकरण (Regrouping and Reclassification)

गत वर्षको रकमहरूलाई आवश्यकता अनुसार पुनरसमूहकरण तथा पुनरवर्गीकरण गरिएको छ ।

नि. पदम एण्ड एसोसियट्स
रजिर्ष्टर्ड अडिटर्स

....
आर.ए. पदम बन्धु पोखरेल
(प्रोपाईटर)